**मिति २०८३/०२/०७ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु :**

प्रस्ताव नं. १:

फोहोरमैला संकलनका लागि सहमति दिने सम्बन्धमा ।

निर्णय नं. १:

ढोरपाटन नगरपालिकाको कार्यालय, बुर्तिबाङको च. नं. १९६९ मिति २०८३/०२/०६ गतेको पत्रका सम्बन्धमा यस बैठकमा छलफल हुँदा ढोरपाटन नगरपालिकाले स्थापना तथा सञ्चालन गर्ने फोहोरमैला संकलन तथा प्रशोधन केन्द्रले यस तमानखोला गाउँपालिकाका सबै वडाहरुबाट उत्पादन हुने सबै किसिमका फोहोरमैला संकलन गर्नका लागि सहमती दिने ।

Scanned with CamScanner

मिति २०८३/०२/२६ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

योजना अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३:

जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४:

संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ५:

आयोजना प्राथमिकिकरण सम्बन्धमा ।

प्रस्ताव नं. ६:

मानव सेवा आश्रम बागलुङलाई भवन निर्माण सहयोग अनुदान हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं. ७:

सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP) सम्बन्धमा ।

प्रस्ताव नं. ८:

उपभोक्ता समितिमार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) सम्बन्धमा ।

प्रस्ताव नं. ९:

नुन्थलाघाट नर्जाघाट कल्भर्ट निर्माण कार्यको डिजाइन परिवर्तन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. १०:

विश्वकर्मा समाज बुर्तिवाङलाई आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ११:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८३/०२/२६ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको गाउँपालिकास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका १२ वटा आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदन स्वीकृत तथा आयोजना फरफारक गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भैसकेका आयोजनाको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

जिल्ला समन्वय समिति बागलुङबाट मिति २०८३/०१/१६ गते तमानखोला गाउँपालिकाको सेवा प्रवाह, सुशासन, विकास निर्माण र राजस्व व्यवस्थापन लगायतको स्थलगत अनुगमन भएकोमा समितिबाट प्राप्त प्रतिवेदन माथि छलफल गरी समितिबाट प्राप्त भएका सुझाव एवम् पृष्ठपोषलाई गम्भिर रुपमा लिने साथै आवश्यकता अनुरुप कार्यान्वयनमा लैजाने ।

निर्णय नं. ४:

यस बैठकमा प्रस्तुत भई छलफल भएको तमानखोला गाउँपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन यस बैठकबाट स्वीकृत गरी गाउँ सभाको स्वीकृतिका लागि आगामी गाउँ सभामा पेश गर्ने ।

निर्णय नं. ५:

तमानखोला गाउँपालिकाका केही प्राथमिकता प्राप्त, रणनीतिक महत्त्व भएका, गौरवका पुँजीगत आयोजना तथा कार्यक्रमहरुको प्राथमिकताक्रम सहित छनौट तथा प्राथमिकीकरण गर्नु पर्ने भएकोले गाउँ कार्यपालिकाले स्वीकृत गरेको आयोजना तथा कार्यक्रम छनौट र प्राथमिकिकरणको आधार तथा मापदण्ड अनुसार अनुसूची २ बमोजिमका आयोजना प्राथमिकीकरण गर्ने ।

निर्णय नं. ६:

तमानखोला गाउँपालिकाले गाउँ सभा, २०७९ को आठौं अधिवेशनबाट मानव सेवा आश्रम

Scanned with CamScanner

बागलुङलाई सहयोग अनुदानका लागि रु ५ लाख रकम विनियोजन गरेकोमा उक्त आयोजनालाई बागलुङ, पर्वत र म्याग्दीका अन्य स्थानीय तहहरुले पनि बजेट विनियोजन गरेको पाइयो । विभिन्न स्थानीय तहले विनियोजन गरेको बजेट कार्यान्वयन गर्ने विषयमा जिल्ला समन्वय समिति बागलुङका प्रमुख श्री अमर बहादुर थापाको अध्यक्षतामा मिति २०८०/१२/०१ गते बसेको विभिन्न स्थानीय तहबीचको समन्वय बैठकले *उल्लिखित भवन निर्माण योजनामा स्थानीय तहहरुबाट विनियोजन भएको बजेट बागलुङ नगरपालिकाको खातामा उपलब्ध गराउने र सोको लागत इष्टिमेट तयार गरी प्रचलित कानुन बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी निर्माणको कार्य बागलुङ नगरपालिकाले गर्ने* निर्णय गरेको छ । बागलुङ नगरपालिकाको कार्यालयको च. नं. २९१६ मिति २०८३/०२/१८ गतेको पत्रानुसार यस गाउँपालिकाले उक्त भवन निर्माण कार्यका लागि विनियोजन गरेको रकम बागलुङ नगरपालिकाको विविध खाता नं. ०२२०३००००२००३०० ००२० मा उपलब्ध गराउन अनुरोध गरेकोले सोही खातामा उक्त रकम हस्तान्तरण गर्ने ।

निर्णय नं. ७:

यस बैठकमा प्रस्तुत भई छलफल भएको **सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि (SOP)** का सम्बन्धमा आगामी बैठकमा थप छलफल गरी आवश्यक निर्णय गर्ने ।

निर्णय नं. ८:

यस बैठकमा प्रस्तुत भई छलफल भएको **उपभोक्ता समितिमार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP)** का सम्बन्धमा आगामी बैठकमा थप छलफल गरी आवश्यक निर्णय गर्ने ।

निर्णय नं. ९:

तमानखोला गाउँपालिकाको कार्यालयको आ. व. २०८१/०८२ को ठेक्का नं. 05/TRM/NCB/Works/2081-82 Nunthalaghat Narja Culvert Nirman कार्यको लागि मिति २०८१/११/२६ मा शोले निर्माण सेवा प्रा. लि.सँग सम्झौता गरि निर्माण कार्य सञ्चालनमा रहेकोमा सुरु विस्तृत परियोजना प्रतिवेदन (DPR) वमोजिमको कल्भर्टको डिजाइनमा केही आवश्यक परिवर्तन गर्दा निर्माण कार्यको गुणस्तर अभिवृद्धि हुने भएकोले पूर्वाधार शाखाबाट पेश भएको डिजाइन परिवर्तन स्वीकृत गर्ने ।

निर्णय नं. १०:

ढोरपाटन विश्वकर्मा समाज, बुर्तिवाङको च. नं. ११५ मिति २०८३/०२/१० गतेको कार्यक्रम प्रस्तावना पेश गरेको पत्रानुसार तमानखोला गाउँपालिका समेत पश्चिम बागलुङका स्थानीय तहहरुका

Scanned with CamScanner

दलित समुदायका व्यक्तिहरुको सहभागीतामा प्रतिनिधी सभाका सदस्य माननीय सोम शर्माको प्रमुख आतिथ्यता तथा पश्चिम बागलुङका स्थानीय तहका प्रमुख/अध्यक्ष, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख लगायतको समुपस्थितिमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा मिति २०८३ जेठ २१ गते उक्त संस्थाले ढोरपाटन नगरपालिकाको बुर्तिवाङ बजारमा *प्रश्न दलितको, जवाफ राज्यको* भन्ने मूल नाराका साथ आयोजंना गरेको बृहत अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग माग भएकोले संस्थाको प्रस्तावना तथा कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा रु १ लाख ५० हजार रकम अन्य सामाजिक सहायता कोषबाट खर्च हुने गरी नगद आर्थिक सहायता उपलब्ध गराउने ।

Scanned with CamScanner